# हतुवागढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## घोडेटार, भोजपुर

प.सं. २०८०/०८१ कोशी प्रदेश, नेपाल

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०६/१२**

हतुवागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, घोडेटार, भोजपुरको आ.व. २०८०/०८१ को पशुपंक्षी सेवा शाखा तर्फको स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका कार्यक्रमहरु "युवा लक्षित अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९" को प्रथम संशोधन बमोजिम लागत साझेदारीमा संचालन गर्न ईच्छुक आवेदकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) औं दिन भित्र कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

| क्र.सं. | कार्यक्रमको नाम | माग संख्या | अधिकतम साझेदारी रकम रु. | प्रस्ताव पेश गर्ने अन्तिम मिति |
|---|---|---|---|---|
| १. | दुध उत्पादनका लागि ५०% (प्रतिशत) लागत साझेदारीमा (गाई/भैसी) पशुपालन कार्यक्रम | १० | ७०,०००/- | २०८०/०६/२६ |

प्रस्ताव साथ सम्मिलित हुनुपर्ने कागजातहरुः

१. अनुसूची-२ बमोजिम रु. १० को टिकट टाँस गरेको आवेदन।
२. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि।
३. कार्यक्रम कार्यान्वयन प्रक्रियामा तोकिए बमोजिमका ३,४,५,६,७,८ अनुसूचीहरु।
४. कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपि।
५. लिजमा लिएको जग्गाको हकमा करारनामा वा सम्झौता-पत्र।
६. प्रचलित कानुन बमोजिम सम्बन्धित निकायमा संस्था/फर्म/व्यवसाय दर्ता तथा नविकरण र पान भ्याट दर्ता प्रमाण-पत्रको प्रतिलिपि।
७. समुह/समिति/सहकारीको हकमा कार्य समितिको निर्णयको प्रतिलिपि।
८. अघिल्लो आ.व. को लेखा परीक्षण प्रतिवेदन र करचुक्ता प्रमाण प्रत्रको प्रतिलिपि।
९. अनुसूची-३ बमोजिमको व्यवसायिक योजना, अनुसूची-४ बमोजिमको लागत साझेदारी गर्ने प्रतिबद्धता, अनुसूची-५ बमोजिमको स्वघोषणा र अनुसूची-६ बमोजिमको सिफारीस-पत्र।
१०. कार्यक्रमको प्रकृति अनुसार थप कागजत आवश्यक परेमा उल्लेख गर्ने सकिनेछ।

थप जानकारीका लागि सम्पर्क नं. ९८५२०५२७४६, ९८६५९५४३६६

महेश निरौला
प्रमुख प्रशासकीय अधिकृत